# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खावाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खावाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

प.सं. :-२०७८/७९
च.नं.:- ९०६

मिति :- २०७८/०९/०२

विषय :- सूचना टाँस गरी जानकारी गराउने सम्बन्धमा ।

श्री वडा कार्यालय सबै
भूमे गाउँपालिका, रुकुम (पूर्व) ।

प्रस्तुत विषयमा भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व)को *सहजकर्ता (गणक)का लागि विज्ञापन आव्हान सम्बन्धी सूचना, अति विपन्न कृषकहरुलाई कृषि सामाग्री सहयोग कार्यक्रम सञ्चालनका लागि सम्झौता गर्न आउने सम्बन्धी सूचना, तरकारी बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन सम्बन्धी सूचना, आ.व.२०७७/७८ मा स्थापना भएका कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता कार्यक्रम सञ्चालनका लागि सम्झौता गर्न आउने सम्बन्धी सूचना* त्यहाँ वडा कार्यालयको सूचना पाटीमा टाँस गरी वडाबासी *नागरिक/व्यक्ति/कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरु*लाई जानकारी गराई सो को जानकारी पठाउनुहुन अनुरोध छ । साथै उक्त सूचनाहरु थान ४ (चार) यसै पत्रसाथ संलग्न गरी पठाईएको छ।

२०७८/०९/०२
.....................
(स्वतन्त्र राज चौधरी)
कृषि प्रसार अधिकृत

स्वतन्त्र राज चौधरी
कृषि प्रसार अधिकृत

# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खावाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

**तरकारी बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन सम्बन्धी सूचना ।**

**प्रथम पटक प्रकाशित मितिः २०७८/०९/०२**

भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व)को आ.व.२०७८/७९ को स्वीकृत बार्षिक विकास कार्यक्रम अन्तर्गत संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदान कार्यक्रमतर्फ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत तपशिलका क्षेत्रहरुमा ***तरकारी बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन*** गर्नुपर्ने भएकोले इच्छुक कृषि समूह/सहकारी/जल/बन उपभोक्ता समिति/कृषि फार्महरुले आवश्यक कागजातहरु सहित ***यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनभित्र अर्थात (मिति २०७८/०९/१७ गते भित्र)*** यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व)मा तोकिएको ढाँचामा (अनुसूची १०) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै यस विषयमा थप जानकारीको लागि भूमे गाउँपालिकाको कार्यालय, कृषि सेवा केन्द्रमा सम्पर्क गर्न सकिनेछ ।

**क) पकेट सञ्चालन हुने क्षेत्रः-** भूमे गाउँपालिका अन्तर्गतका २,३,४,५,८,९ नं. वडाहरुमा ।

**ख) भूमे गाउँपालिका भित्रका वडाहरुको गाउँ अनुसार पकेट कार्यक्रमहरु ।**

| भूमे गाउँपालिका, वडा नं. नाम | पकेट क्षेत्र वा गाउँको नाम | पकेट बाली वस्तु |
|---|---|---|
| वडा नं. २, काँक्री | खाबाङ्ग | तरकारी बाली |
| वडा नं. ३, सिमा | सिमा | तरकारी बाली |
| वडा नं. ४, काँडा | काडाँ बगर | तरकारी बाली |
| वडा नं. ५, सेराबाङ्ग | माथिल्लो साकिम | तरकारी बाली |
| वडा नं. ८, पोखरापाटा | पुर्साबाङ्ग | तरकारी बाली |
| वडा नं. ९, गैरीगाउँ | लाखर | तरकारी बाली |

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु</u>

(१) सम्बन्धित निकायमा कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फार्मको दर्ता तथा नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपी ।

(२) कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फार्मको स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।

(३) कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फार्मको गत आ.व. २०७७/७८ को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।

(४) कार्यक्रम सञ्चालन हुने स्थानमा (जग्गा/जमिन)को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौतानामा ।

(५) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।

(६) कृषि समूह/सहकारी/संस्था/समितिको कार्यक्रम माग सम्बन्धमा निर्णयको प्रतिलिपी ।

२०७८/०९/०२

(स्वतन्त्र राज चौधरी)
कृषि प्रसार अधिकृत

स्वतन्त्र राज चौधरी
कृषि प्रसार अधिकृत

(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रसिंह श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

<u>सम्पर्कका लागिः</u>

१. कृषि प्रसार अधिकृत- स्वतन्त्र राज चौधरी :- मो.नं. ९८२२८२३८२६
२. ना.प्रा.स.- विशाल पुन मगर :- मो.नं. ९८१३६०८६९६
३. ना.प्रा.स.- शिखर विश्वकर्मा :- मो.नं. ९८०६२९११२५